# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुटवल उप महानगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुटवल उप महानगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बुटवल उप महानगरपालिका

रुपन्देही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**
**महालेखापरीक्षक**

२०८१

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

प.सं.- २०८०।८१

च.नं.- ८ मितिः- २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**श्री प्रमुख ज्यू ,**
**बुटवल उप-महानगरपालिका , नगर कार्यपालिकाको कार्यालय,**
**रुपन्देही।**

१. कैफियत सहितको राय

हामीले बुटवल उप-महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले **बुटवल** उप-महानगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. बुटवल उप-महानगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१८ करोड ०६ लाख ४१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५ लाख २४ हजार ७१० को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ करोड ०८ लाख ५४ हजार ९७३, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ०६ लाख ८४ हजार १५० , नियमित गर्नुपर्ने रु. ९ करोड ८८ लाख ७९ हजार ३४३, पेश्की रु. ९६ लाख ९७ हजार ८१४ रहेको छ ।

बुटवल उप-महानगरपालिकाको गतवर्ष सम्म रु. २४ करोड ४४ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा गत आ.व.सम्मको संपरीक्षण रु.०.०० भई हालसम्मको अद्यावधिक बेरुजू रु. ४२ करोड ४६ लाख ११ हजार रहेको छ । बुटवल उप-महानगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने बुटवल उप-महानगरपालिकासँग

हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

१. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

२. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, उप-महानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

३. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

# बुटवल उप-महानगरपालिका, रुपन्देही

## १. चालु वर्षको बेरुजु

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | १४६ | १८०६४१ | ० | ६६ | ५२५ | ४७ | ८० | १८०११६ | ४०८५५ | ९८८७९ | ३०६८४ | ० | ० | १२९५६३ | ९६९८ |

## २. अद्यावधिक बेरुजू स्थिति

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बुटवल उप-महानगरपालिका, रुपन्देही | २४४४९५ | ० | ० | २४४४९५ | ० | १८०११६ | ४२४६११ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | २०७९/८० | ३५ | अग्रिम करवापतको रकमअसुल गर्नुपर्ने रु. | १९१०३ |
| २. | २०७९/८० | ३६.२ | पारिश्रमिक करकट्टी नगरेको असुल गर्नुपर्ने रु. | ५०५६०७ |
| | | | जम्मा | ५२४७१० |

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उप -महानगरपालिकाको उद्देश्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२२ देखि २०८०।८।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय - व्ययतर्फ रु. २,२४,६०,५६,८९२।- सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. २,२४,६०,५६,८९२।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.०.०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन, एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन, कार्यक्रमगत तथा योजनागत खाता र संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा सो बमोजिमको मध्यकालीन खर्चको संरचना लगायतका विवरण अद्यावधिक गरेको छैन, ।

• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरण नगरेको र आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता, वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना, सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको देखिएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरण परीक्षण -**

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । मितिल२०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | |
|---|---|
| विवरण | यस वर्ष रु. |

| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
|---|---|---|---|
| प्राप्ती (क+ख) | २,६०,३१,९८,००८.०० | १,८२,९४,९५,२९६.६० | १,८२,९४,९५,२९६.६० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | २,४७,४५,७८,००८.०० | १,६६,४२,२४,७४३.०९ | १,६६,४२,२४,७४३.०९ |
| ११००० कर | ५५,८७,००,०००.०० | ५१,११,८८,०५९.६६ | ५१,११,८८,०५९.६६ |
| १३००० अनुदान | १,०५,८९,११,००८.०० | ८९,०७,६७,१४३.७० | ८९,०७,६७,१४३.७० |
| संघीय सरकार | ९८,८८,७८,००८.०० | ८२,७४,५२,६१३.७० | ८२,७४,५२,६१३.७० |
| प्रदेश सरकार | ७,००,३३,०००.०० | ६,३३,१४,५३०.०० | ६,३३,१४,५३०.०० |
| १४००० अन्य राजस्व | ३६,१०,००,०००.०० | २६,२१,१६,४६७.७३ | २६,२१,१६,४६७.७३ |
| १५००० विविध प्राप्ति | १,००,०००.०० | १,५३,०७२.०० | १,५३,०७२.०० |
| ३२००० वित्तीय सम्पत्ति | ४९,५८,६७,०००.०० | ० | ० |
| ख. अन्य प्राप्ति | १२,८६,२०,०००.०० | १६,५२,७०,५५३.५१ | १६,५२,७०,५५३.५१ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | १२,८६,२०,०००.०० | १३,३२,१५,४६९.३१ | १३,३२,१५,४६९.३१ |
| धरौटी | ० | ३,२०,५५,०८४.२० | ३,२०,५५,०८४.२० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | २,६०,३१,९८,००८.०० | १,८४,८३,२९,०९९.७० | १,८४,८३,२९,०९९.७० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २,४७,४५,७८,००८.०० | १,७२,०५,२०,३०९.१० | १,७२,०५,२०,३०९.१० |
| २१००० पारिश्रमिक / सुविधा | ७४,२३,३१,०००.०० | ६१,९८,७६,३४७.१८ | ६१,९८,७६,३४७.१८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ३५,२५,८०,४७५.०० | १८,६८,०९,७७१.५८ | १८,६८,०९,७७१.५८ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ९०,००,०००.०० | ८७,४८,८४७.४७ | ८७,४८,८४७.४७ |
| २५००० सहायता (Subsidy) | ७,९३,०२,०००.०० | ७,२८,३०,८९६.२८ | ७,२८,३०,८९६.२८ |
| २६००० अनुदान | १,२०,००,०००.०० | ६९,०५,२७३.०० | ६९,०५,२७३.०० |
| २७००० सामाजिक सुरक्षा | ६,६७,८४,३५५.०० | ५,३३,८०,६९१.६० | ५,३३,८०,६९१.६० |
| २८००० अन्य खर्च | १,०३,१०,०००.०० | १९,३५,५९१.०० | १९,३५,५९१.०० |

| | | | |
|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १,१९,२२,७०,१७८.०० | ७६,१७,९९,१९६.०० | ७६,१७,९९,१९६.०० |
| ३३००० दायित्व | १,००,००,०००.०० | ८२,३३,६९४.९९ | ८२,३३,६९४.९९ |
| घ. अन्य भूक्तानी | १२,८६,२०,०००.०० | १२,७८,०८,७९०.६० | १२,७८,०८,७९०.६० |
| कोषहरु | १२,८६,२०,०००.०० | ९,४८,७२,५६९.०२ | ९,४८,७२,५६९.०२ |
| धरौटी | ० | ३,२९,३६,६४८.४८ | ३,२९,३६,६४८.४८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४२६.९ | -४२६.९ |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,८८,३३,८०३.१०) | (१,८८,३३,८०३.१०) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५७,९९,२२,२१५.९७ | ५७,९९,२२,२१५.९७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५६,१०,८८,४१२.८७ | ५६,१०,८८,४१२.८७ |
| बैंक तथा नगद बाकी | | ४२,३८,२३,६९३.४१ | ४२,३८,२३,६९३.४१ |

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता -** आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । सामाजिक सुरक्षा तथा संरक्षण रु.४१,२३,६८,५९०।-, गरीबसँग विशेश्वर कार्यक्रम रु.४,५४,८६०।-, समेत रु. ४१,२८,२३,४५०।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ । गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.४५,२९,०२,७७३।- मौज्दात रहेकोमा यो वर्ष रु. ५७,९९,२२,२१५।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२,७०,१९,४४२।- बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **कर दायित्व-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४२६।- देखाएको छ । एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाईएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| ३.४.१ | कट्टी रकम दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ४२६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२६ |

४ **बजेट तथा कार्यक्रमः**

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।उपप्रमुख श्री सावित्रा देवि अर्याललले मिति २०७९।३।८ मा रु.२ अर्व ३५ करोडको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन,

२०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७९/८० मा कुल ७७२ योजनामा वजेट विनियोजन गरेको छ।

**(रु. हजारमा)**

| क.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १. | रु.१ लाखभन्दा कमको योजना | ५७ | ४३५५ |
| २. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | ४०९ | १२५११३३ |
| ३. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | १६८ | १९२३८६ |
| ४. | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | ८७ | १३०८७४ |
| ५. | रु. ५० लाख भन्दा माथिका | ११ | ५६१४८ |
| | जम्मा | ७३२ | १६३४८९६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७३१ योजनामात्र कार्यान्वयन भई ४१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **लक्ष्य प्रगति-** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ७७२ | ४१ | ६ | ९ | ७१६ |

सैद्धान्तिक बेरुजु

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । आ.व. २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(रु. हजारमा)**

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५९४९० | ११८९७८ | ६.९२ |
| २ | पूर्वाधार विकास | १००५४२१ | ६०५०८८ | ३५.१७ |
| ३ | सामाजिक विकास | ७०३४२४ | ५६२९५३ | ३२.७२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११८२८० | ६४९८२ | ३.७८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ४८७९६३ | ३६८५१९ | २१.४२ |
| जम्मा | | २४७४५७८ | १७२०५२० | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ३५.१७ प्रतिशत र सेवा प्रवाह र सबै भन्दा घटीमा सुशासनमा ३.७८ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

४.६ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(रु. हजारमा)**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ७६१७९९ | २५०९२ | ९३१६१ | १८५६९४ | ४५७८५२ | २४४९८३ |
| प्रतिशत | १०० | ३.२९ | १२.२३ | २४.३८ | ६०.१० | ३२.१६ |

उपर्युक्त विवरण अनुसार वार्षिक रु.७६,१७,९९,०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.२९ प्रतिशत, दोस्रो त्रैमासिकमा१२.२३ प्रतिशत, तेस्रो त्रैमासिकमा २४.३८ प्रतिशत र चौथो त्रैमासिकमा ६०.१० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३२.१६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढी सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.७ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था रहेको छ । योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गरी कन्टीन्जेन्सी बापत रु. ४४,६१,५५८।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

## ५ आर्थिक सहायता -

५.१ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष खाना तथा विविधतर्फ रु.४७,२०,५९३।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

५.२ **आर्थिक सहायता -** स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५,३६,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५०,३०,५८,४४०।- को ०.१० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ कानून निर्माण एवं कार्यान्वयनः

६.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि हालसम्म २१ वटा ऐन, १२ वटा नियमावली, ४६ कार्यविधि, १६ निर्देशिका, ३ मापदण्ड लगायत ९८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै ९८ कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ ।

सैद्धान्तिक बेरुजु

६.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८२ र यो वर्ष थप ११ गरी कुल ९३ विवाद दर्ता भएकोमा ६२ वटा मात्र फस्यौंट भई ३१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक राजश्व, सेवा प्रवाह, खरिद योजना र सार्वजनिक परीक्षणः**

७.१ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०,००,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९/८० मा रु.५०,३०,५८,४४०।- अर्थात अनुमान भन्दा १६.१५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

७.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८२७४५२६१३ | ५०३०५८४४० | ६२.२१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६२.२१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७.३ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आम्दानी शीर्षक | अनुमान | आम्दानी/असुली |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ७००००००० | ५५६१२५२१.२६ |
| ११३१४ भुमिकर/मालपोत | २५०००००० | १४४६९९०९ |
| ११३२१ वहाल कर | १२००००००० | १५३१६५७३६ |
| ११३२२ वहाल विटौरी कर | २०००००००० | १२५५६१८० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ३०००००० | ७१२०९०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १०००००० | ० |
| ११६९१ अन्य कर | ५००००० | २५,७७५.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ७००००००० | ८९२२९६३१.१९ |
| १४१९१ पर्यटन शुल्क | ५००००० | २०,७९०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | १५००००० | २१७६७९९ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १००००००००० | २६००१०६७.३ |
| १४२२१ न्यायिक दस्तूर | २००००० | १०,८००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ७५००००० | ७१३४१९२.०१ |
| १४२२४ परीक्षा शुल्क | ६००००० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३०००००० | १८९३३४६.७२ |
| १४२४१ पार्किङ्ग शुल्क | १००००००० | १३६४७२८२ |
| १४२४२ नक्सापास दस्तुर | ६००००००० | ३२३३१४३८.४४ |
| १४२४३ सिफारिश दस्तुर | १७५००००० | १६२४४७५५.३४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | ८७९९२० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २०००००० | ३७६९४०० |
| १४२४९ अन्य दस्तुर | २०००००० | ४०८२८३ |

| | | |
|---|---|---|
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ५५६८९२५ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २००००० | ० |
| १४२६५ अन्य क्षेत्रको आय | १०००००० | ३०० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ४००००० | ६२,९००.०० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ३०००००० | १०३२६४११.११ |
| १४३१३ धरौटी सदरस्याहा | ५००००० | ० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ६००००० | ११०७९५ |
| १४५२९ अन्य राजस्व | ८४००००० | १९४१२९०.६१ |
| १४६११ व्यवसाय कर | ७००००००० | ४८१९६०२० |
| जम्मा | ५९९९००००० | ५०२९०५३६७.९८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १९ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.२२,९१,८४,७९९।- असुली भएकोमा रु.२२,९१,८४,७९९।- नै दाखिला भएको छ ।

| वडा नं | आय शिर्षक | अशुली रु. | दाखिला रु. |
|---|---|---|---|
| ११ | आन्तरिक आय | ४६९८६८९९ | ४६९८६८९९ |
| पालिका | आन्तरिक आय | १८२१९७९०० | १८२१९७९०० |
| जम्मा | | २२९१८४७९९ | २२९१८४७९९ |

- संकलन हुने राजश्व स्वचालित प्रणाली (साङ्ग्रीला) प्रयोग गरी संकलन गरेको पाइयो ।
- स्वचालित प्रणालीले तयार पारेको मासिक तथा वार्षिक प्रतिवेदन अनुसार दाखिला रकम भिडे पनि वडाहरुको चलानी किताबबाट चलानी नम्बर अनुसार राजश्व स्वचालित प्रणालीमा प्रविष्ट गरे नगरेको विषयमा पालिकाले सबै वडा कार्यालयको परीक्षण गरी एकिन गर्नुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

७.५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५,३७,४२,७४५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.६ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ७६,१७,९९,१९६।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.७ **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी एकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | ५३८७ |
| घरबाटो सिफारिष | ३०९४ |
| नागरिकता सिफारिष | ६४८८ |
| नाता प्रमाणित | ४७२३ |
| अन्य | ३२२२३ |

| सैद्धान्तिक बेरुजु |
|---|

७.८ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाईएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। एक पटक सार्वजनिक परीक्षण गराई रु.८०,०००।-खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

## ८ सम्पत्ति उपयोग र संरक्षण तथा प्रधानमन्त्री रोजगारः

८.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएका व्यहोरा निम्न छन्

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | ४१ | - | ८७४२७.९४ |
| सवारी साधन मोटर साइकल | ०७९।८० | २ | ५४४९५५ | - |

- विभिन्न चालु हालतमा नरहेका र मर्मतसम्भार गर्दा खर्च रकम २५ प्रतिशत भन्दा बढी लाग्ने मालसामानहरु लिलाम विक्रि गर्नुपर्नेमा गरेको पाईएन ।
- विद्युतिय सामानको PAMS प्रणालीमा जिन्सी दाखिला गर्दा पूर्णरुपमा स्पेशिफिकेशन जस्तैः सिरियल नं., आइ.एम.इ.आइ. नं., तथा Product ID नखुलाई दाखिला गरेको पाइयो ।
- PAMS प्रणालीको प्रयोग गरी सहायक जिन्सी खाता तयार गर्नुपर्नेमा सो गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

८.२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष २४७ जनालाई औसत ५२ दिनले १२८६७ दिन रोजगारी उपलव्ध गराई रु.७५,००,५३८।- श्रमिक ज्याला खर्च गरेको छ । नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए

तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृत सहित ५४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१७ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.अ.हे.ब., इन्जिनियर,मे.सु सहित १२४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.स. | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १ | अमृता पन्थी | १,२०,००० |
| २ | ओम बहादुर गुरुङ्ग | ८०,००० |
| ३ | कमल देव पाण्डे | ३०,००० |

| | | |
|---|---|---|
| ४ | कमल प्रसाद खनाल | ९९,००० |
| ५ | केशव सापकोटा | ८०,००० |
| ६ | खिम बहादुर पौडेल | ७५,००० |
| ७ | गंगाधर सापकोटा | १,००,००० |
| ८ | गौतम रौनियार | १,५०,००० |
| ९ | चाम बहादुर वि.क. | १,००,००० |
| १० | चिते दमाई | १,००,००० |
| ११ | टेम बहादुर विष्ट | २५,००० |
| १२ | डण्डेश्वर दमाई | २,५०,००० |
| १३ | डोलराज पौडेल | ४०,००० |
| १४ | धन कुमारी अर्याल | ५,००० |
| १५ | धर्मलाल गुरुङ्ग | १,००,००० |
| १६ | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र | १,९६,९८३ |
| १७ | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र | ६,७६,१२५ |
| १८ | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र | ८,०६,९३९ |
| १९ | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र | २०,८८,७६७ |
| २० | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र | २६,००,००० |
| २१ | पुनम कुँवर | १,००,००० |
| २२ | मंगलराज शाक्य | १,००,००० |
| २३ | माधव बहादुर राना | १,००,००० |
| २४ | माधव बहादुर राना | २,००,००० |
| २५ | मेरमान कामी | ७५,००० |
| २६ | रञ्जना सारु | ५०,००० |
| २७ | राजेन्द्र कुमार शाही | १,००,००० |
| २८ | राम प्रसाद अर्याल | ५०,००० |

| | | |
|---|---|---|
| २९ | राम प्रसाद खनाल | २,००,००० |
| ३० | लक्ष्मी कुमारी अर्याल | ७५,००० |
| ३१ | लाल बहादुर पुन | २५,००० |
| ३२ | लुम्बिनी प्रादेशिक अस्पताल | ५,००,००० |
| ३३ | विष्णु बहादुर राना | १,५०,००० |
| ३४ | हरि प्रसाद आचार्य | १,००,००० |

| | |
|---|---|
| पेश्की | ९६,९७,८१४ |

११ **अनुदान रकम -** पालिकाबाट अनुदान पाउने संस्थाले पाएको रकम कुन कुन कार्यमा खर्च गरेको खर्चको विल भरपाई र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ । निम्न संस्थालाई रु.६१,५०,०००।- अनुदान दिएकोमा उक्त अनुदान रकमबाट भएको खर्च र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु

| अनुदान पाउने संस्थाको नाम | अनुदान रकम |
|---|---|
| सन्तोषीमाता गुरुकुल विद्यालय संचालन अनुदान | २०००००० |
| सुस्त मनस्थिती बाल मन्दिर | ६००००० |
| साधना महिला विद्यालय संचालन अनुदान | १२००००० |
| विपी कोइराला अध्ययन प्रतिष्ठान बुटवल | ५००००० |
| पृथ्वी नारायण शाह स्फोर्टस प्रतिष्ठान | २५०००० |
| नेपाल मानवधर्म सेवा समिति | २००००० |
| कालिका मान विज्ञान मा वी | ४००००० |
| खेम ओमी पुन कल्याणकारी प्रतिस्ठान | ५००००० |
| मानव सेवा आश्रम | १०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,५०,००० |

१२ **प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा

सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । बुटवल उप महानगरपालिकाले कानुन बनाई अधिकृत स्तरका कर्मचारीको १५ प्रतिशत, सहायक स्तरका कर्मचारीको २० प्रतिशत र अन्य कर्मचारीको २२ प्रतिशतका दरले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता पाउने नियम बानाई यो वर्ष रु.२१,१३,७०,००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **करार कर्मचारीलाई महङ्गी भत्ता -** अर्थ मन्त्रालयले संघीय मामीला तथा समान्य प्रशासन मन्त्रालयलाई पठाएको पत्रमा स्वीकृत दरवन्दीमा रहेका करार कर्मचारीहरुलाई महङ्गी भत्ता दिन नसकिने व्यहोरा उल्लेख गरेको छ । करारमा नियुक्त ८० जना र स्वास्थ्य तर्फका ३४ जना समेत ११५ जना कर्मचारीहरुको महङ्गी भत्ता वापत रु.२७,६०,०००।- खर्च लेखेको छ । अर्थ मन्त्रालयको परीपत्र विपरीत करार कर्मचारीलाई महङ्गी भत्ता खर्च लेखेको असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २७,६०,००० |
|---|---|

१४ **करार कर्मचारी -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफनो अधिकार क्षेत्र र कार्य बोझको विष्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको र सेवा करारबाट लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । विभिन्न पदमा करार कर्मचारी राखी रु.३,८४,३१,०००।- खर्च लेखेको छ । त्यसै गरी दफा ८३ को उपदफा ८ मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेकट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाइ सम्वन्धी पदमा स्थायी पदपुर्ति नगरी करार सेवाबाट लिन सकिने व्यवस्था छ । माथि उल्लेखित पद वाहेक अन्य विभिन्न स्वास्थ्य तर्फका सहायक पाचौ पब्लिक हेल्थ नर्स, ल्याव अस्सिटेन्ट, अनमी पदमा करारमा २३ जना नियुक्त गरी रु.१,००,५१,५७४।-खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,००,५१,५७४ |
|---|---|

१५ **सचिवालयका कर्मचारी -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी पहिलो संशोधन ऐन २०७७ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने उल्लेख गरेको छ ।नगर प्रमुखको सचिवालयमा प्रेस सल्लाहकार १ जना सहायक कम्प्युर १ जना सवारी चालक १ जना र कार्यालय सहयोगी १ जना समेत ४ जना कर्मचारी नियुक्त गरी रु.१५,५४,४७५।- खर्च लेखेको छ । स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन विपरीत सचिवालय सदस्य नियुक्त गरी खर्च लेखेको अनियमित देखिएको रु.

| अनियमित भएको | १५,५४,४७५ |
|---|---|

१६ **कार्यक्रम विपरीत खर्च -** (गो. भौ. नं. र मितिः २५०५-०८०।३।१३) नगरभाबाट स्वीकृत कार्यक्रममा विनियोजन गरेको बजेट स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । वडा नं. १४ को लक्षित क्षेत्रको लागि नगरसभाबाट स्वीकृत गरेकोलाई वडा समितिको निर्णयबाट वडा स्तरिय सडक ग्राभेल गर्ने निर्णय गरी रु ५,३६,०४६।- खर्च गरेको छ । नगरसभाबाट स्वीकृत गरेको कार्यक्रमलाई वडा समितिको निर्णयबाट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३६,०४६ |

१७ **भाडा बक्यौता -**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा पालिकाले आफनो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल कर लगाउने सक्ने उल्लेख छ । निम्न फर्म तथा व्यवसायीलाई वहाल भाडामा दिएकोमा सम्झौता अनुसार रु.३१,६०,७८४।- बुझाउन बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| आयको नाम | व्यवसायी तथा फर्मको नाम | बाँकी रकम |
|---|---|---|
| सटर भाडा | नारायण सुवेदी | १५४२४०२ |
| सटर भाडा | प्रकाशचन्द्र कार्की | २१२९०६ |
| सटर भाड | कमला राना | ५८२६७० |
| सटर भाडा | खेमलाल पौडेल | ५६७०४६ |
| सटर भाडा | गणेश पाण्डे | २५५७६० |
| | जम्मा | ३१६०७८४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,६०,७८४ |

१८ **अन्य कार्यालयको खर्च -** (गो. भौ. नं. र मितिः ११६९-०८०।३।२२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८.४ मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । वडा नं. १२ र १३ को प्रहरी चौकीको घरभाडा र विद्युत वापतको रकम रु.३,६०,०००।- खर्च लेखेकोले अन्य मन्त्रालयको मातहत रहेको कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,६०,००० |

१९ **शिक्षक तलव भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव, भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरि सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।उपमहानगरपालिकाले प्राथमिक विद्यालय, नि.मा.वि. र मा. वि. मा रहेका निजी शिक्षकको तलवको लागि बजेट विनियोजन गरी गत विगत देखि निजी श्रोतमा रहेका विभिन्न विद्यालयमा रहेका शिक्षकको तलव भत्ताको लागि रु.७३,६२,७२१।- विद्यालयलाई अनुदान दिएको छ । विद्यालयमा रहेका विद्यार्थीहरुको संख्याको अनुपातमा शिक्षक दरवन्दी मिलान गरी नगरपालिकबाट दिइने अनुदानलाई क्रमसः कम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **मेला पर्व तथा संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार प्रतिस्थान तथा संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहाय अनुसारका रु.१९,५०,०००।- संस्थालाई मेला पर्व व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु

| गो. भौ. नं. र मिति | अनुदान पाउने संस्थाको नाम | अनुदान रकम |
|---|---|---|
| १९१४।१।१० | बुद्ध सामुदायिक टेलीभिजनलाई उपकारण खरिद | २००००० |
| १९४५।१।११ | थारु कल्याणकारी सभा | २००००० |
| १९१९।१।१० | महारात्री शिवरात्री मेला महादेव बोलबम धाम | ३००००० |
| २००८।१।१९ | शिवकुमारी सैंजु बृद्ध आश्रम | २००००० |
| २०२०।१।२१ | वि पी कोइराला स्मृती प्रतिस्थान | ३००००० |
| २०६४।२।२ | मुक्तिनाथ धाम | ७५०००० |
| | जम्मा | १९५०००० |

| अनियमित भएको | १९,५०,००० |
|---|---|

२१ **आदिवासी जनजाती महासंघलाई सहयोग -** (गो. भौ. नं. र मितिः२५८२-०८०।३।२१) नेपाल आदिवासी जनजाती महासंघ बुटवलाई भेष भुषा संरक्षणको लागि विभिन्न बाध्यबाजनका सामान परम्परागत ड्रेस खरिदका लागि रु. ६,००,०००।- अनुदान दिएको छ ।पालिकाबाट अनुदान दिइ खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

२२ **नक्सा डिजिटाइज -** (गो. भौ. नं. र मितिः २६९९-०८०।३।२१) सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ७० मा सार्वजनिक निकायले बीस लाख रुपैयाभन्दा बढीको परामर्श सेवा खरिद गर्न खुला रुपमा कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरको पत्रिकामा सुचना तोकिए बमोजिमको कुराहरु खुलाई सुचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । बुटवल उपमहागरपालिका क्षेत्र भित्रका वडा नं. १ देखि १९ वडामा रहेका पुराना घरका नक्सा पास भएका १०००० थान डिजिटाइज गर्न लागत अनुमान रु.१९,९९,४१३।- तयार गरी प्रस्ताव माग गरी परामर्शदाता नब्स टेक्नोलोजि प्रा. ली. संग रु.१९,७६,३७०।- मा सम्झौता गरी रु.१९,७६,३७०।- खर्च लेखेको छ ।खरिद नियमावली २०६४ को नियम ७० बमोजिमको लागत अनुमान तयार गरी राष्ट्रियस्तरको पत्रिकामा सुचना प्रकाशन गरी प्रस्ताव माग गरी खर्च लेखुपर्नेमा पुराना घरका नक्सा पास भएकाको डिजीटाइज गर्न २० लाख भन्दा कमको लागत मुल्य तयार गरी सिधै प्रस्ताव माग गरी खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,७६,३७० |

२३ **दरवन्दी भन्दा बढी काजमा -** स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८(ख) मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तीलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरवन्दी पुर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दी कायम भएका सम्वन्धित सेवा समुहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसंग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ । स्वास्थ्य सेवाको लागि स्वीकृत दरवन्दी अनुसार जनशक्तिको पदपुर्ति रहेको अवस्थामा दरवन्दी भन्दा २३ जना बढी कर्मचारीलाई काजमा राखि वार्षिक रु.१,७२,७९,२६९।- खर्च लेखी बढी व्ययभार पारेको छ । अत :स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७२,७९,२६९ |

२४ **नदीमा ढुङ्गा गिट्टी वालुवाको IEE -** तिनाउ नदी र दानव नदिको वगरमा जम्मा भएको ढुङ्गा, गिट्टी, बालुवा निकाल्नको लागि परीमाण एकिन गर्न IEE को लागि तिनाउ नदिको आवश्यक खोला नियन्त्रण तथा तटवन्ध अध्ययन गर्न परामर्शदाता माउन्टेट थटस प्रा.लि. लाई रु.४,८०,२५०।- र दानव नदीको अध्ययन गर्न वि.वि. इन्जिनियरीङ्ग कन्सलटेन्सीलाई रु.४,५२,०००।- भुक्तानी दिएको छ । अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० मा तिनाउ नदिबाट ढुङ्गा, बालुवा, गिट्टि ४३५९५९३ क्यु फिटको राजश्व रु. ७ करोड ८४ लाख र दानव नदीको वगरबाट ढुङ्गा ,गिट्टी १३९०७८४ क्यु फिट राजश्व रु. २ करोड ५० लाख समेत जम्मा रु. १० करोड ३४ लाखको ढुङ्गा गिट्टी निकाल्न सकिने प्रतिवेदनमा उल्लेख गरेको छ । IEE प्रतिवेदन अनुसार यस वर्ष ढुङ्गा, गिट्टीको ठेक्काका बन्दोबस्ती नगर्दा रु. १० करोड ३४ लाखको घटी आम्दानी भएको छ भने नदिमा भएका ढुङ्गा गिट्टि चोरी निकासी हुन नदिन आन्तरिक नियन्त्रण गर्ने

संरचना पनि निर्माण गरेको देखिएन ।तिनाउ नदि र दानव नदिको वगरबाट कती क्यु.फिट ढुङ्गा गिट्टी निकाल्न सकिने भनि परामर्शदाताबाट अध्ययन गर्ने तर ठेक्का नगर्नुको कारण उल्लेख गरेको छैन भने समयमा ठेक्का बन्दोवस्त नगर्दा आन्तरिक आयमा रु.१०,३४,००,०००।- घटि आम्दानी भएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवा सम्वन्धी कानुन हाल सम्म नबनेकोमा, पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. ५,००,००,०००।- ट्रान्सफर गरेको छ ।कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.३,६३,५०,६०९।-खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६३,५०,६०९ |

२६ **तिनाउ जलाधार संरक्षण -** सामुदायिक वन समन्वय समिति, तिनाउ गाउँपालिका पाल्पा र बुटवल नगरपालिकाको संयुक्त संयोजनमा तिनाउ जलाधार संरक्षण कार्यक्रम अन्तर्गत तिनाउ नदीको आसपासमा रहेका गरिवी तथा विपन्न वर्गका उपभोक्ताहरुको आर्थिक स्तर बढाउन तिनाउ जलाधारको संरक्षण र सम्वर्द्धन गर्नको लागि विभिन्न फलफुलका बोट विरुवा रोपन गर्ने, बातावरण स्वच्छ र सफा राख्नको लागि तिनाउ गाउँपालिकालाई रु.१०,००,०००।- अनुदान दिएकोमा उक्त अनुदानबाट सम्झौता अनुसारको कार्य गरेको प्रमाण पेश नगरेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

२७ **राष्ट्रिय पार्क सम्मेलन सहयोग -** (गो. भौ. नं. २५८१-०८०।३।१८) स्थानीय सरकार संचालन ऐन, २०७४ मा कुनै महोत्सव तथा सम्मेलनको लागि बजेट विनियोजन तथा अनुदानको लागि खर्च गर्न नपाइने उल्लेख छ । चालु तर्फ भैपरी कार्यक्रमबाट राष्ट्रिय पार्क सम्मेलनको लागि मणीमुकुन्द सेन उद्यानलाई रु.५,००,०००।-अनुदान दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

२८ **जटिल रोग अनुदान सहयोग -** नगरपालिकाले जटील रोगको अनुदान सहयोग कार्यक्रम संचालन निर्देशिका २०७८ स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको छ । स्वीकृत निर्देशिकाको वुदा नं. ४ मा बुटवल उपमहानगरपालिका अन्तर्गतका वडाबाट आर्थिक रुपले विपन्न नागरिकको सिफारिस भई आएका नागरिकलाई विपन्न नगरिक औषधी उपचार कोष निर्देशिका, २०७३ बमोजिम विभिन्न आठ प्रकारका जटिलरोगको औषधी उपचारको लागी समितिले सिफारीस गरेको रकम बरावरको सहुलियत विरामीले

पाउने उल्लेख छ । निर्देशिका अनुसार उपचार अनुदान सहयोग समितिको सिफारीस अनुसार प्रति विरामी रु. १७,०००।- का दरले रु.२५,३४,०००।- उपचार खर्च लेखेको छ ।निर्देशिका अनुसार जटिल रोग भनि उल्लेख गरेका विरामीलाई मात्र उपचार अनुदान दिनुपर्नेमा जटिल रोग नलागेको ल्याव तथा अन्य टेष्ट गरेको विल पेश गरेका विरामीलाई पनि उपचार अनुदान दिने गरेकोले निर्देशिकामा उल्लेख रोग लागेका विरामीलाई मात्र उपचार अनुदान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **अनुगमन भत्ता -** (गो.भौ.नं.४०५-०७९।७।६) नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रसाशकीय अधिकृत, शिक्षा शाखा प्रमुख लगायत ७ जनाले भाद्र र असोज महिनामा ८ पटक विद्यालय निरीक्षण तथा अनुगमन गरेको भनि दैनिक रु.१२००।- दरले रु.८७,३००।- अनुगमन भत्ता खर्च लेखेको छ । उपमहानगरपालिका भित्र रहेका विद्यालयहरुको कार्य पालिकाका पदाधिकारी तथा कर्मचारीहरुको कार्यक्षेत्र भित्र पर्ने कार्यहरुको निरिक्षण गरेको भनि भत्ता खर्च लेखेको अनियमित देखिएको रु.

| असुल गर्नुपर्ने | ८७,३०० |
|---|---|

३० **विद्युत महसुल -** (गो.भौ.नं. ८-०७९।५।२) पालिकाले विद्युत महसुल समयमा तिरी रिवेट छुट लिनु पर्दछ । विद्युत महशुल जरिवाना रु.५३,९९९।- समेत रु.९,६९,६६७।- खर्च लेखेको छ । समयमा विद्युत महुशुल भुक्तानी नगर्दा रु.५३,९९९।- बढी व्ययभार परेकोले समयमा विद्युत महसुल भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **मागमा आधारीत प्रोत्साहन अनुदान -** मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनको लागि प्रस्ताव माग गरी पालिकामा पेश भएका प्रस्तावहरुको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको मिति ०७९।६।१३ को निर्णयबाट २६ वटा कृषक समुह छनोट गरी च्याउ खेती, केरा खेती, उन्नत गहुको विउ लगायत कृषि कार्यक्रम संचालनको लागि ५० प्रतिशत अनुदान रकम रु.४२,५२,६०३।- स्वीकृत गरी अनुदान दिएकोमा सम्झौता अनुसार मागमा आधारित कृषि कार्यक्रम संचालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश नगरेकोले अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **पालिका पूँजिगत निर्माण, परामर्श र अन्यः**

३२.१ **योजना सञ्चालन स्थिति-** यो वर्ष कार्यालयले नगर र वडामार्फत कार्यान्वयन भएका उपभोक्ताद्वारा सञ्चालित योजना ६५१ वटा, २०७८/०७९ र सोभन्दा अघि ठेक्का भई यो वर्ष क्रमागत योजना १९ मध्ये ३ अधुरा योजना, यो वर्ष ठेक्का भएको १६ मध्ये ५ सम्पन्न, सिलबन्दी बोलपत्र १० सम्पन्न गरेको विवरण पेश गरेको छ। सो विवरणमा उल्लेख भएका मुख्य व्यहोरा देहाए बमोजिम छन्।

सैद्धान्तिक बेरुजु

३२.२ **बोलपत्र प्रतिस्पर्धा स्थिति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्र मार्फत खरिद गर्नुपर्नेछ। बोलपत्रद्वारा १६ खरिद सम्झौता प्रथम चौमासिकमा भएको देखिएन। १६ ठेक्का मध्ये १० वटा २०८० वैशाख पछि सम्झौता भएको देखियो । रु. १ करोड भन्दा माथि ठेक्का प्रतिस्पर्धा स्थिति छ।

**रु. हजारमा**

| आयोजना | व्यवसायी | लागत | स्वीकार | घटी प्रतिशत |
|---|---|---|---|---|
| बुद्धनगर तिनाउ सडक | थापादास जेभि | ३२०९४ | २९८१८ | ९.८ |
| भैरब ट्रान्सपोर्ट भिलेज | आरए जेभि | ३६३०७ | २८५०५ | २१.१४ |
| लुम्बिनी बस ट्रमिनल | सिभिल विल्डर्स | २०८५३ | १८०८४ | १३.२७ |
| सडकबोर्ड म्याचिङ | सिभिल विल्डर्स | २०७४२ | १८९४४ | ८.६६ |
| | जम्मा | १०९९९६ | ९५३५१ | |

सैद्धान्तिक बेरुजु

३२.३ **परामर्शबाट कार्य-** सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। देहाए अनुसार परामर्श कार्य गराई खर्च लेखेको पाइयो । कार्यालयको जनशक्तिबाट र स्रोत साधनबाट सम्पादन हुने काम परामर्शदातालाई दिन मिल्दैन । विभिन्न अध्ययन प्रतिवेदन, सर्भे, ड्रइङ डिजाइन र लागत अनुमानको कार्य गर्न सकिनेमा परामर्शदातालाई दिएको नियमित देखिएन । आवश्यकता र औचित्यता पुष्टि गर्न कार्यालयको पदीय कार्यशर्त क्षेत्र नपरेको जिम्मेवारीको प्रमाण पेश गर्नुपर्ने रु.

**रु हजारमा**

| काम | परामर्शदाता | लागत अनुमान | खर्च |
|---|---|---|---|
| योजना सफ्टवेर | कोटेसन | ४५२ | ४४७ |
| नक्सा पास फाइल विद्युतीकरण | नब्य टेक्नोलोजी | १९९९ | १९७६ |
| बियर फ्याक्ट्री सडक | सुदृष्टि निर्माण | ४९२ | ४९० |
| ६ विद्यालय भवन डिपिआर | आइडिया कन्सल्टेन्ट | ४७८ | ४७१ |
| बस टर्मिनल हल रेस्टुरेन्ट | वस्तु शिल्प | ४२५ | ४१८ |
| हाइ मस्ट लाईट अध्ययन | बजार विकास | १०९१ | ९७४ |

| | | | |
|---|---|---|---|
| सहरी सडक डिपिआर | सार्थक इन्जिनियरिङ | १५७७ | १४८९ |
| बसपार्क व्यापारिक भवन डिपिआर | दिप इन्जिनियरिङ | १९३८ | १९२१ |
| निर्मल थापा पुस्तकालय | अनन्त | ४९८ | ४९७ |
| बसपार्क बहुतले पार्किङ भवन | मल्टी हार्मोनिक | १८८७ | १८८७ |
| व्यापारिक कम्प्लेक्स गुरुयोजना | - | ११८० | ११८० |
| | जम्मा | ११९१७ | ११७५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,५०,००० |

३२.४ **सडक बत्ती जडान-** (गो.**भौ.नं. र मिति-** २०-०७९।६।११) पालिकाको कार्यक्षेत्र १९ वडाको २९३ टोल विकास संस्थाद्वारा सडकबत्ती मर्मत र जडान गर्न १६४७९ पोलको लागि प्रतिपोल रु.५०० का दरले वार्षिक रु. ८२,३९,५००।- वडा मार्फत बुझाएको पाइयो। टोल विकास संस्थालाई प्रति पोलको मर्मत दिनुअघि विगत वर्षमा उपयोग भएको अभिलेखको आधारमा दिनुपर्नेमा तुलनात्मक अध्ययन गर्न अभिलेख तयार नगरी एकमुष्ठ प्रतिपोल सबैलाई दिनु उचित देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२.५ **पशु बधशाला-** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जुन प्रयोजनको लागि संरचना निर्माण भएको सोही प्रजननमा विलम्ब नगरिकन परिचालन वा उपयोग गर्नु पर्दछ। आधुनिक बधशाला रु.२२,१३,३५,९९६।- लागत अनुमान रहेकोमा रु.२३,९६,८३,९४८।- मा निर्माण भएको छ सो भवन परिचालन गर्न तेस्रोपटक २०८०।४।२४ विद्युतीय बोलपत्र बढी कबोल गर्ने मुक्तिनाथ लाईभरटक मुअकर बाहेक रु.५१,६७,०००।- बोलपत्रको आशयपत्र सूचना मिति २०८०।५।१० मा भएको छ। ठेक्का अवधि २०८०।६।२५ देखि २०८५।६।२४ सम्म पाँच वर्षको हुने मुअकर सहितको मूल्यमा तेस्रो वर्षदेखि १० प्रतिशत वृद्धि हुने गरी सम्झौता गरेको छ। सो बमोजिम पूर्वाधार उपयोग शुल्क देहाय बमोजिम मुअकरसहित देहायको रकम बुझाउने उल्लेख छ। सम्झौता २०८०।५।३१ मा भएको स्थिति छ।

| सेवा शुल्क | वर्ष | प्रथम किस्ता | दोस्रो किस्ता | जम्मा |
|---|---|---|---|---|
| प्रति बोका १००० | प्रथम | २०८०।९।२५ | २०८०।१२।२५ | ५८३८७१० |
| वार्षिक वहाल र | दोस्रो | २०८१।६।२५ | २०८१।१२।२५ | ५८३८७१० |
| विजुली दोस्रो पक्षले | तेस्रो | २०८२।६।२५ | २०८२।१२।२५ | ६४२२५८१ |
| बुझाउनु पर्ने | चौथो | २०८३।६।२५ | २०८३।१२।२५ | ७०६४८३९ |

| | | | | |
|---|---|---|---|---|
| | पाचौं | २०८४।६।२५ | २०८४।१२।२५ | ७७७१२२३ |
| | | | जम्मा | ३२९३६०६३ |

उक्त आधुनिक बसशाला सञ्चालन ठेक्का प्रथमपटकको सूचना दिएकोमा नाफा ५ प्रतिशत नखुलाएको, १० वर्षको कार्ययोजना पालिका रोयल्टी रु.४७,३०,०००।- मिति २०७८।९।२२ गतेको आसयपत्र भएतापनि र पुनः दोस्रो सूचना २०७९।११।२२ बुटवल मासु उत्पादक कम्पनीको प्रथम सूचना निरन्तरता देखिन्छ। २०७८।६।७ को सूचना २०८०।२।२ मा रद्द गरी तेस्रो सूचना गरेको देखिन्छ। दुई वर्षसम्म ठेक्का निर्णयमा विलम्ब हुनु र अन्तिममा रद्द हुनेले दुई वर्षको आय गुमेको अवस्था छ।

सैद्धान्तिक बेरुजु

३२.६ **नगर सरसफाई-** सार्वजनिक साझेदारी निर्देशिका, २०६६ बमोजिम नगरपालिकाले सहरमा उत्पादित फोहोर जन्य वस्तु सङ्कलन, ढुवानी, विसर्जन र न्यूनीकरण काम गर्न पुन प्रयोग, मल उत्पादन र बिक्री प्लास्टिक कागज सङ्कलन गरी उद्योगलाई बिक्री गर्नको लागि पुनः प्रयोग, पुन प्रशोधन र उत्पादन घटाउने नविनतम प्रविधि प्रयोग गर्ने अवधारणाको सार्वजनिक निजी साझेदारीमा नगर सरसफाई कार्य सुन्दर नेपाल प्रा.ली.सँग मिति २०७३।८।८ को सम्झौतालाई निरन्तरता दिँदै नगर सरसफाईको कार्य हुँदै आएको छ।नगर सरसफाई शुल्क मुअकर सहितको मासिक दररेट स्वीकार गरेको देखिन्छ । प्रतिभान्सा खुद्रा पसल, होलसेल, साना, मझ्यौला, ठूला र तारे होटेल, हस्पिटल, हार्डवेयर, दूध, मिल, मिठाई, मासु, तरकारी, पार्टी प्यालेस, पेट्रोल पम्प, आदि जस्ता व्यवसाय र भान्साको आधारमा वडा नम्बर १-२ र वडा नम्बर ३-११ प्रथम प्याकेज र १२-१३ र १४-१९ सम्मको दोस्रो प्याकेज गरी शुल्क निर्धारण गरेको छ। शुल्क अनुसारको तथ्याङ्क डाटाबेस नभएकोले शुल्क उठ्न पर्ने र उठेको अवस्था एकिन हुने देखिएन। वडा नम्बर ४ बाट दोस्रो पटक वातावरणीय सुन्दर नेपाललाई सम्झौताको शर्त २१ प्रतिशतले बुझाएको विवरण देहाय बमोजिम पेश भएको छ।

| मिति | उठेको रकम | २१ प्रतिशत |
|---|---|---|
| २०७९।५।१९ | ० | ९४२०८ |
| २०७९।९।१८ | ० | २२३५८५ |
| २०७९।१०।१२ | ० | ३२९०१८ |
| २०८०।२।२२ | १५७६६४५ | ३३१०९६ |
| २०८०।३।१९ | ० | ६००० |
| २०८०।३।२९ | ० | ६४७२७७ |
| जम्मा | १५७६६४५ | १६३११८४ |

नगर सरसफाईमा तोकिएको शुल्क १९ वटै वडाको देखिने विवरण देखिएन। आय र व्ययको विवरण माग गर्दा पेश भएन। सरसफाई कामबाट हुने आय कट्टा गरी प्रशासनिक लागत साझेदारीमा काम

गराउनुपर्छ। आय र व्यय स्थिति, जनशक्ति, उपकरण, इन्धन, मर्मत लगायत अन्य सञ्चालन खर्च विशेषण गर्ने अवस्था देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२.७ **खर्चको प्रमाण-** (गो.भौ.नं. र मितिः१२९-२०८०।३।२४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च प्रमाणित गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। भूमही गौशाला व्यवस्थापन (छाडा चौपाया) ज्याला, सिमेन्ट, बालुवा, झ्याल, ढोका टायल व्यवस्थापनमा प्राविधिक नापजाँच र नापी किताब नराखी रु.१०,७०,५४०।- श्री सिद्धेश्वर महादेव मन्दिर सेवा समितिलाई भूक्तानी गरेकोले कामको प्राविधिक मूल्याङ्कनको नापी किताब पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १०,७०,५४० |
|---|---|

३२.८ **मूल्य समायोजन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा खरिद सम्झौता भएको कामको मूल्य वृद्धि दिने व्यवस्था छ। मूल्यवृद्धि दिने आधार नेपाल राष्ट्र बैंकको होलसेल मूल्यसूचीको आधारमा दिने उल्लेख छ। उपमहानगरले बट्यौली संग्रहालय ठेक्का नम्बर ८-०७७।०७८ को काम शिवशक्ति निर्माण सेवाबाट गराई नवौं बिलसम्मको रु.५,३५,१९,३३५।-भुक्तानी गरेको छ। उक्त काम पेस्कीबाट भएको कामको दिन नपाउनेमा नवौं बिल सम्म दिनुपर्ने रु.५७,०५,३२७।- मा रु.८२,९३,६०९।-दिएकोले बढी रु.२५,८८,२८२।- मुअकर समेत नपाउने असुल गर्नुपर्ने रु.

| रनिङ विल | विल रकम | पेश्की पिएस | खुद विल | मूल्य फ्याक्टर | मूल्यवृद्धि |
|---|---|---|---|---|---|
| ०७८।३।२० | ९२७५७०८ | ० | ९२७५७०८ | ०.०५४ | ५००८८८ |
| ०७८।६।१७ | ११२६१८८४ | ० | ११२६१८८४ | ०.०८५ | ९५७२६० |
| ०७८।६।१७ | ५८१५९५७ | ४१३६००० | १६७९९५७ | ०.०८७ | १४६१५६ |
| ०७८।९।२३ | ५००९४०२ | १९२९९०० | ३०७९५०२ | ०.१४८ | ४५५७६६ |
| ०७९।१।६ | ४२८४४६१ | १९२९९०० | २३५४५६१ | ०.२२७ | ५३४४८५ |
| ०७९।२।३० | ३२२१५५२ | २५००००० | ७२१५५२ | ०.२५७ | १८५४३८ |
| ०७९।५।३० | ४२३५६८० | ० | ४२३५६८० | ०.२५ | १०५८९२० |
| ०७९।९।२० | ३२२९०३८ | १२९८००० | १९३१०३८ | ०.२७२ | ५०५९९२ |
| ०८०।१।२५ | ७१८५६५३ | १९९३२०० | ५१९२४५३ | ०.२७२ | १३६०४२२ |
| जम्मा | ५३५१९३३५ | १३७८७००० | ३९७३२३३५ | | ५७०५३२७ |

| असुल गर्नुपर्ने | २९,२४,७५८ |
|---|---|

३२.९ **सुरक्षित नागरिक आवास -** छनौट भएको ६१ लाभग्राहीको न.पा. ६० प्रतिशतले हुने प्रति व्यक्ति रु.४५,०००।-दरले रु.४७,४५,०००।- निकासा गरेको छ। फुसको छानामुक्त भएको घर निर्माण अवस्था अनुगमन नभएकोले एकिन हुन नसकेको वस्तुगत अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,४५,००० |

३२.१० (गो.भौ.नं. र मितिः१००६-०८०।३।१३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी खर्च गर्दा पुष्टि गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्दछ। कार्यालयले भैरव एयरपोर्ट आरम्भ भिलेज कालोपत्रे रु.२,११,८९,८३८।- भुक्तानी गरेको छ। प्राप्त बिलमा रिलोकेटेड डाइभर्जन जस्ता काम पी.एस.मा राखी प्राविधिक मूल्याङ्कन खर्च लेखेको पाइयो। भएको काम इकाई दरमा प्राविधिक जाँच र नापी किताब पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७२,५८४ |

३२.११ (गो.भौ.नं. र मितिः१२२७-०८०।३।२४) ठेक्का नम्बर १३ रायमाझी प्रदीप जे.भी.बाट ड्रेन, फुटपाथ र बाटो निर्माण गरी रु.७२,७४,२३५।- भुक्तानी गरेको पाइयो। स्टिल ५७५०८.५१ के.जी. प्रयोग भएको छ। कंक्रिट ७.३३ घनमिटर दोहोरो देखिँदा प्रति घनमिटर रु.११,०००।- का दरले रु.८०,५८५।- र सोको मु.अ.कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,०६० |

३२.१२ बटचौली म्युजियम शिवशक्ति निर्माण सेवाबाट सम्पन्न गरी फलामे डन्डी १६२७२७.९३ केजी प्रयोग भएको देखिन्छ । सहरी विकास तथा भवन निर्माण विभागको नर्म्स अनुसार दक्ष र अदक्ष कामदार २४ जनाको १८१२० र सडक विभागको नर्म्सबाट ज्याला रु.९०९० का दरले विश्लेषण गरेकोमा समान काममा रु.९०३० प्रति मेट्रिकटनमा हुँदा प्रति के.जी. सडकको नर्म्स भन्दा मू.अ.कर समेत रु.१०.१८ को दरले १६२७२७.९३ के.जी. बढी लागत भार पर्नेगरी दर विश्लेषण गरेको रु.१६,७१,४९२।- एकिन हुनुपर्दछ । त्यसैगरी फलामे डन्डी १६२७२७.९३ के.जी. प्रयोग भएको नापी किताबबाट देखिँदा सोको घनमिटर २०.७२ ले हुने कंक्रिटको रु.१२,५००।- को दरले दोहोरो नापीको रु.२,५९,१२०.९८ र सोको मु.अ.कर समेत बढी भूक्तानी भएको असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९२,८०६ |

३३ **आधुनिक पशुवधशालाः**

३३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्यसम्पादन वा निश्चित बजेट खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न सकिने छैन भन्ने व्यवस्था छ। निश्चित बजेट वा लमसम कन्ट्याक्टमा खरिद विधिमा इन्जिनियरिङ खरिद र निर्माण विधि, टनकी विधि र डिजाइन बिल्ड नक्सा निर्माण विधि पर्ने

देखिन्छ । मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरी मिति २०७७।३।१ मा शिवशक्ति निर्माण सेवा बानेश्वरसँग रु.२२,१३,३५,९९६।- मूल्य समायोजन बाहेक इ.ओ.आइ.बाट मूल्य स्वीकृती भएको देखिन्छ। व्यवसायीले समय अवधि २०७९।९।२९ सम्म छ महिना म्याद थप गरी मु.अ.कर र पि.एस. बाहेक रु.१९,५३,८१,४१२।- काम सम्पन्न भएको छ। व्यवसायीको प्रस्ताव रु. २४,४०,३०,३३१।- गरी रु.२३,९६,८३,९४८।- भुक्तानी गरेको छ। आर्थिक प्रस्ताव इ.ओ.आइ. माग गर्दा रु.२३ करोड उल्लेख गरेको र प्रस्ताव रू.२४,४०,३०,३३१।- को सम्बन्धमा बजेट र प्रस्तावसँग तालमेल नमिलेको विषयमा कुनै उल्लेख गरेको देखिएन । निश्चित बजेट विधिको स्रोत सुनिश्चितता भन्दा बढी प्रस्ताव गरी खर्च गर्न नपाउने हुँदा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,८३,९४८ |

३३.२ **मूल्य वृद्धि-** सार्वजनिक खरिद ऐन २०६३, को दफा ५५(२) मा एकमुष्ट (लमसम) कार्यसम्पन्न खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने छैन भन्ने व्यवस्था छ।Standard Bidding Document Procurements of Works EPC Contract (NCB) GCC ५९.१ मा The Contract shall not be subjected to price adjustment in any case. उल्लेख छ । सम्झौता मूल्यलाई स्वीकृत बजेट भित्र खर्च घटाउने उपाय खरिद सम्झौता गर्न सकिने कुरा उल्लेख छ । निर्माण व्यवसायी शिवशक्ति निर्माण सेवाले आधुनिक पशु बधशालाको संरचना निर्माणमा पशु बधशाला जाने सडक जमिन मिलाउने जमिनमुनि पम्प हाउस निर्माणका लागि एकमुष्ट रु.१,१०,३०,०००।- र अन्य विभिन्न उपकरण सामान पाँच लटको रु.१८,४३ ,५१,४१२।- सामान आपूर्ति र जडान गरेको रु.१९,५३,८१,४११।- मुअकर र पिएस बाहेक भुक्तानी गरेको छ। निर्माण व्यवसायीले इ.पि.सी. मोडलमा एकमुष्ट र निश्चित बजेटबाट काम सुरु गरी देहाय बमोजिम मूल्य वृद्धि दिएको मु.अ.कर समेत असूल गर्नुपर्ने रु.

| रनिङ विल | विल रकम | पेश्की | खुद विल | मानक | मूल्यवृद्धि |
|---|---|---|---|---|---|
| २०७७।१२।२६ | ४५१७४१२० | ० | ४५१७४१२० | ०.०३९ | १७५९४५८ |
| २०७८।३।१३ | १७४८७००० | ० | १७४८७००० | ०.०६२८ | १०९८९१३ |
| २०७८।९।२३ | २०७४६४४० | ४१५०००० | १६५५६४४० | ०.१५२२ | २५२६५०५ |
| २०७८।११।१४ | १६७२१६४१ | ४२००००० | १२५२१६४१ | ०.१५२२ | १९०६१९२ |
| २०७९।२।३० | ३७५२०७४१ | १३७५०००० | ३३७७०७४१ | ०.१५२२ | ३६१८६६२ |
| २०७९।९।२९ | ५७७३१४६९ | २२१००००० | ३५६३१४६९ | ०.१५२२ | ५४२४२४२ |
| जम्मा | १९५३८१४११ | ४४२००००० | १६११४१४११ | | १६३३३९७२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८४,५७,३८० |

३३.३ खरिद सम्झौताको विशेष शर्त जि.सि.सी. ११.१ मा आपूर्तकको बिल, सामान परिमाण, प्रतिकाई दर र कुल मूल्य प्याकेज, डेलिभरी नोट, रेल वा ट्रक प्राप्ति, उत्पादन प्रमाणपत्र र वारेन्टी प्रमाणपत्र सहितको निरीक्षण प्रतिवेदन उल्लेख गर्नुपर्ने व्यवस्था छ। जी.सी.सी. १४.२ विशेष शर्तमा मूल्यवृद्धि दिने उल्लेख वास्तविक प्राप्त मिति पछिको र थप समयको मूल्यवृद्धि समेत नदिने उल्लेख छ। मूल्य समायोजनको मानक राष्ट्र बैंकको निर्माण कामदार (कन्स्ट्रक्सन लेबर) र निर्माण सामग्रीको होलसेल दरको आधारमा दिने सम्झौतामा समावेश गर्नु प्रचलित कानून र खरिद कागजात प्रतिकूल हुने गरी सम्झौता गर्नु उचित देखिएन ।

सैद्धान्तिक बेरुजु

३३.४ व्यवसायीले एकमुष्ट दरमा खरिद सम्झौता गरेको कार्यक्रमको परियोजना, विस्तृत प्रतिवेदन, लागत अनुमान, डिजाइन व्यापारिक योजना, आर्थिक योजना कार्यसञ्चालन साथै सम्भाव्यता लगायतको प्राविधिक परामर्श आफैले गरी निर्माण पश्चात एजबिल्ट नक्सासहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ। रु.१९,५३,८१,४१२।- कामको भुक्तानी गरेकोमा विस्तृत डिजाइन र निर्माणको एजबिल्ट नक्सा तयार नगरी भुक्तानी दिएको देखियो। आधुनिक वधशालाको परियोजना विस्तृत प्रतिवेदन, लागत अनुमान, डिजाइन ड्रइङ र सम्पन्न पछिको नक्सा पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३.५ एकमुष्ट कार्यसम्पादनमा मूल्य वृद्धि दिने सम्झौता र खरिद ऐन र नियामवली, साथै इन्जिनियरिङ सेवा अध्ययन गरेको प्रस्तावमा र उपकरण उत्पादक कम्पनी वारेन्टी सहितको सर्टिफिकेट अफ उत्पादन,गुणस्तर इकाइदर समेत नखुलेकोले एकमुष्ट खरिद सम्झौता गरी रु.१९,५३,८१,४१२।- खरिदमा रु.१,६३,३४,०६१।- मूल्य समायोजन दिने आधार प्रमाण र कागजात नभएकोले एकमुष्ट कार्य सम्पादनको मूल्यवृद्धि दिन पाउने रु.१,८४,५७,४८९।- को आधार पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३.६ **मूल्य समायोजन गणना-** नेपालको निर्माण सामग्रीको मूल्य र निर्माण कामदार लाग्ने एकमुष्ट रु.१,१०,३०,०००।- रहने र उपकरण जडान रु.१८,४३,५१,४१२।- उत्पादक कम्पनीले गरिदिने जडान र वारेन्टी समयको मर्मत खर्च उपकरण दक्षता र जडान समेत कम्पनीले गर्ने हुँदा वारेन्टी समयको बैंक ग्यारेन्टी कार्यालयले लिएको छैन। यी उपकरणलाई राष्ट्र बैंकको निर्माण सामग्री होलसेल मूल्यसँग मूल्यवृद्धि भएको भन्नु उचित भएन । उपकरण खरिदको बिल बिजकसहित भन्सार पासको प्रमाण माग गर्दा प्राप्त नभएकोले उल्लेख गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३३.७ **संरचना उपयोग-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा संरचना निर्माण पछि प्रयोजन अनुसार प्रयोग गर्नुपर्दछ। मिति २०७९।९।२९ मा निर्माण सम्पन्न गरेको आधुनिक र व्यवस्थित

बधशाला परिचालन गर्ने ठेक्का परिचालन हुन सकेको पाईएन। लेखापरीक्षण अवधि २०८०।९।२९ देखि २०८०।१०।५ सम्म ३८० दिन उपयोग हुन नसक्दा दैनिक सरदर २५० बोकाखसीको प्रतिगोटा रु. ५५ का दरले ३८० दिनको रु.५२,२५,०००।— र सोको मुअकर रु.६,७९,२५०।- समेत पूर्वाधार उपयोग आय/ रोयल्टी/ शुल्क न्यून भएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **ट्याककोटः**

३४.१ (गो.भौ.नं. र मितिः ६५-०७९।८।१२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तिरुपति निर्माण सेवालाई सडक बोर्ड मर्मत आयोजनाबाट रु.९५,५२,३३२।- भुक्तानी गरेको छ। सो भुक्तानीको नापी किताबमा ट्याककोट ९९५४.८ वर्गमिटरको लागि ६० प्रतिशतले हुने ५९७२.८८ लिटर दिनुपर्नेमा ९९५४.८ दिएकोले नभएको कामको ३९८१.९२ प्रतिलिटर रु.१०९।- का दरले हुने रु.४,३४,०२९।- सोको मू.अ.कर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०,४५३ |

३४.२ (गो.भौ.नं. र मितिः१४२-०७९।९।१८) भेल भरिया चोक कृषि बजार कालोपत्रे ठेक्का नम्बर २२।०७८।०७९ लाई रु.४९,१८,४७७।- भुक्तानी गरेको छ । ट्याककोट ४७७८.५ वर्गमिटरको लागी २८६७.१ लिटर ट्याककोटको खर्च लेख्नुपर्नेमा रु.१९११.४ लिटरको प्रतिलिटर रु.१०५ को दरले बढी रु.२,००,६९७।- र सोको मु.अ.कर समेत रु.२,२६,७८७।- जिम्मेवारबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२६,७८७ |

३४.३ (गो.भौ.नं. र मितिः २८३-०७९।११।१४) रङ्गशालापथ नाली र फुटपाथ वडा नं १ प्रदीप निर्माण सेवाबाट गराई १०८२५ वर्गमिटर गरी अस्पाल्ट पिच गरेको छ। उपमहानगरले १०८२५ वर्गमिटरमा ट्याककोट सडकको नर्म्स ६० प्रतिशतले हुने ६४९५ खर्च लेख्नुपर्नेमा बढी ४३३० लिटरको प्रतिलिटर रु. ११९ को दरले रु.५,१५,२७०।- र सोको मू.अ.कर समेत बढी भुक्तानी असुल गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८२,२५५ |

३४.४ (गो.भौ.नं. र मितिः ३२९-०७९।११।१९) रायमाझी एसियाटिक जे.भि.लाई नाली र बाटो पिच बापत रु.१,३६,१४,६४०।- भुक्तानी गरेको छ। १२८.१६ घन फुट अस्पाल्ट ३२०४ वर्गमिटर पेभिङ गर्दा ट्यागकोट १९२२.४० लिटर लाग्नेमा ३२०४ लिटर प्रयोग गरेकोले बढी रु.१२८१ लिटरको प्रति लिटर रु. ९० को दरले रु.१,१५,३४४।- र सोको मुअकर समेत हुने रु.१,३०,३३८।- जिम्मेवारबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,३०,३३८ |
|---|---|

३४.५ (गो.भौ.नं. र मितिः ८७५-०८०।२।३०) मैनाबगर जितगढी सडक गणेश एन्ड सन्सबाट गराई अन्तिम बिलबापत रु.४१,९२,०८९।- भुक्तानी गरेको छ । ७३.४२ घनमिटर अस्पाल्ट १८३५ वर्गमिटरमा ०.०४ मोटाईमा राखेको पाइयो। सो वर्गमिटरको लागि बिटुमिन टयाककोट ११०१ लिटर जरुरी पर्नेमा १८३५ लिटर प्रयोग गरेकोले बढी ७३४ परिणामको हुने प्रति लिटर रु. १२० को दरले रु.८८,०८०।- को मु.अ.कर समेत स्पेड दर नमिलेको असुल गरी दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ९९,५३० |
|---|---|

३४.६ (गो.भौ.नं. र मितिः ९०८-०८०।३।११) रङ्गशाला मार्ग प्रदीप निर्माण सेवालाई अन्तिम बिलबापत रु. ३९,६०,२९७ भुक्तानी गरेको छ। अस्पाल्ट पेभिङ ०.०४ ले हुने १३६९४.५ वर्गमिटरमा हुनुपर्ने देखिन्छ। नापी किताबमा १४५७३.५९ वर्गमिटर पिच गर्न सोको ६० प्रतिशतले बिटुमिन टयाककोट ८७४४.१५ लिटर लाग्नेमा १४५७३.५९ लिटर नापी भएबाट बढी ५८२९.४३ लिटरको प्रतिलिटर रु. ११९ को दरले हुने रु.६,९३,७०२।- सोको मु.अ.कर समेत स्प्रेड दर नमिल्दा बढी भुक्तानी व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ७,८३,८८४ |
|---|---|

३४.७ (गो.भौ.नं. र मितिः १०२७-०८०।३।१६) बुद्धनगर तिनाउ सडक वडा नम्बर १३ थापा दास जे.भि.बाट गराई रु.११,३७,८३५।-चौथो बिल भुक्तानी भएको छ।अस्पाल्ट कालोपत्रे २६३.४१ घनमिटर ६६३१.४४ वर्गमिटरमा पेभिङ गरेकोले सोमा लाग्ने टयागकोट लिटर ३९७८.८६ लाग्नेमा ६६३१.४४ लिटर खर्च लेखेकोले बढी लिटर २६५२.५७ प्रति लिटर ११० को दरले हुने रु.२,९१,७८३।- सोको मु.अ.कर समेत व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,२९,७१५ |
|---|---|

३४.८ (गो.भौ.नं. र मितिः १२२७-०८०।३।२४) ठेक्का नम्बर १३।०७८।०७९ रायमाझी प्रदीप जेभिबाट बाटो र साइडड्रेन निर्माण गरी अन्तिम बिल रु.७२,७४,२३५।- खर्च लेखेको छ । अस्फाल्ट ७५७.५६ घनमिटरको ०.०४ मोटाइमा कम्प्याक्सन १८९३९ वर्गमिटरमा गर्न ११३६३.४० लिटर बिटुमिन टयाक चाहिनेमा १८९३९ लिटर प्रयोग गरेकोले बढी ७५७५.६ लिटरको प्रति लिटर रु. ७० का दरले रु. ५,३०,२९२।- सोको मु.अ.कर समेत व्यवसायीबाट असुली गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,९९,२२९ |
|---|---|

३५ **अग्रीम कर - ✂.....** ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१। १ ।५ को निर्णयबाट रु. १९१०३।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **स्वास्थ्य तर्फः**

३६.१ **औषधि खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख भन्दा माथिको औषधिजन्य मालसामान बोलपत्रको माध्यायमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त व्यवस्था विपरित वेगर रु.२८,३५,०००।- को विभिन्न प्रकारका औषधिहरु सोझै खरिद गरेको छ ।

१. आपूर्तिहुने औषधि WHO Certified हुनुपर्नेमा नभएको, स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराई निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रिका लागि होइन भन्ने प्रमाण समावेश गरेको छैन ।

२. औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।

| | |
|---|---|
| अनियमित भएको | २८,३५,००० |

३६.२ **पारिश्रमिक कर कट्टी नगरेको-**

***✄..... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१। १२। १९ को निर्णयबाट रु. ५०५६०७ ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६.३ **कर कट्टी नगरेको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने छ । साथै सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो कामको उद्धेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको समयावधी दिई राष्ट्रिय स्तरको वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्नेछ भन्ने व्यवस्था छ । कानून बमोजिम मू. अ. करमा दर्ता नभएको संस्था बुटवल टेक्निकल इन्स्टिच्युट मार्फत् विल्डिङ इलेक्ट्रिसियन तालिम कार्य गराई भुक्तानी गरेकोमा बिजक पेश गरेको देखिएन । आयकर ऐन अनुसार दर्तावाल करदाताले रीतपूर्वकको बिजक जारी गर्नुपर्ने र आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम बिल बिजक जारी नगर्ने करदातालाई १५ प्रतिशत अग्रिम आयकर कट्टा नगरी रु. १०,३१,६४४।- भुक्तानी दिएको छ । अतः १५ प्रतिशतले हुन आउने अग्रीम आयकर रु. १,५४,७४६।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,७४६ |

३६.४ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तरगत निर्देशिका अनुसार कार्यक्रम सञ्चालन नगरी उपभोक्ता समिति मार्फत वडा नं.१ मा खेती र कूलोको किनारमा नर्कट झाडी कटान गराई गो.भौ.नं. २०२-०८०।३।६ बाट रु. ७,७५,०००।- र वडा नं. ३ मा गो.भौ.नं. १९५-०८०।३।१५ बाट रु.१०,९७,०००।- र रोजगार प्रर्वद्धन शाखाको लागि २ वटा बजाज पल्सर मोटरसाइकल भैरव अटो मोबाइल्स प्रा.लि.बाट खरिद गरी गो.भौ.नं. २९०-०८०।३।२२ बाट रु.६,०८,०००।- जरी जम्मा रु.२४,८०,०००।- खर्च गरेको पाइयो । यसरी स्थानीय स्तरमा सूचिकृत बेरोजगार व्यक्तीलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराई नागरिक जीवनयापन सुधार ल्याउने उद्देश्यले सञ्चालित उक्त कार्यक्रमको बजेट सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २४,८०,००० |

३७ **शिक्षा तर्फः**

३७.१ **शिक्षा नीति-** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ ।सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

• प्रतिवेदन सार्वजनिक गरेको छैन ।

• तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७.२ **शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या-** स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाई नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ३४ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| क्र.सं. | विद्यालयको नाम | स्थायी दरवन्दी | करार दरवन्दी | रिक्त दरवन्दी | पदपूर्ति | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | अमर मा.वि. | ८ | ५ | ० | १३ | १८५ |
| २ | उजिरसिंह मा.वि. | १७ | १ | ० | १८ | १०६९ |
| ३ | कान्ति मा.वि | २४ | ० | ० | २४ | ५१७३ |
| ४ | कालिका मानवज्ञान मा.वि | ३५ | १९ | ० | ५४ | ८०५३ |
| ५ | जनज्योति प्रा.वि | ३ | ० | ० | ३ | ५७ |
| ६ | जनता मा.वि | ९ | ४ | ० | १३ | ३०० |
| ७ | जनशक्ति नमूना प्रावि | १ | १ | ० | २ | २६८ |
| ८ | जितेश्वरी मा.वि | ७ | ० | ० | ७ | ४०२ |
| ९ | ज्ञानोदय मा.वि | १६ | ० | ० | १६ | ९८२ |
| १० | ज्ञानोदय रात्री मा.वि | ८ | १ | ० | ९ | ९९ |
| ११ | तिलोतमा मा.वि | ९ | २ | ० | ११ | ५२० |
| १२ | नयागाउँ मा.वि. | १५ | ४ | ० | १९ | १४१८ |
| १३ | नरैनापुर आ.वि. | ७ | ० | ० | ७ | १५५ |
| १४ | नवरत्न मा.वि. | २१ | १० | ० | ३१ | १३१९ |
| १५ | नविन औद्योगीक क.ब.री. मा.वि | ९ | २५ | ० | ३४ | ४६८१ |
| १६ | नहरपुर मा.वि | १३ | ५ | ० | १८ | १२९३ |
| १७ | प्रगती नि.मा.वि | ३ | ४ | ० | ७ | ४३१ |
| १८ | भवानी मा.वि | ६ | ० | ० | ६ | २०३ |
| १९ | मायादेवी जनजागृति सा. प्रा.वि. | १ | ० | ० | १ | १२९ |
| २० | मैनावगर प्रा.वि. | १ | ० | ० | १ | १०५ |
| २१ | मोतिपुर मा.वि | १४ | ४ | १ | १७ | ८४८ |
| २२ | लक्ष्मी मा.वि | ७ | २ | ० | ९ | २३४ |
| २३ | वुटवल बाल मन्दिर प्रा.वि | १ | ० | ० | १ | ३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | वुटवल मा.वि. | १८ | ० | ० | १८ | ४५९ |
| २५ | वेलभरिया आ.वि. | ५ | २ | ० | ७ | २४२ |
| २६ | सरस्वती आ.वि. | ७ | १ | १ | ७ | २७४ |
| २७ | सरस्वती प्रा।वि | ० | २ | ० | २ | २४ |
| २८ | सरस्वती मा.वि. | ६ | २ | ० | ८ | ३३५ |
| २९ | सहिद स्मृति प्रा.वि. | ३ | १ | ० | ४ | १७१ |
| ३० | साधना महिला मा.वि. | १ | ० | ० | १ | ३२४ |
| ३१ | सिद्धेश्वर लाल कुमारी मा.वि | १९ | ३ | ० | २२ | ७६० |
| ३२ | सुस्तमनस्थिति बाल विद्यामन्दिर प्रा.वि. | ० | १ | ० | १ | ७६ |
| ३३ | सूर्योदय प्रा वि. | २ | ० | ० | २ | १६७ |
| ३४ | दुर्गा भवानी प्रा.वि. | ० | ३ | ० | ३ | ७० |
| | जम्मा | २९६ | १०२ | २ | ३९६ | ३०८५७ |

पालिकाबाट प्राप्त आधारभूत विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ज्ञानोदय रात्री मा.वि. मा ९९ जना विद्यार्थी रहेकोमा ९ जना शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:११ रहेको छ । अर्थात १ जना शिक्षकले ११ जना विद्यार्थी व्यवस्थापन गरेको देखिन्छ भने साधना महिला मा.वि.मा ३२४ जना विद्यार्थी रहेकोमा केवल १ जना मात्र शिक्षक रहेको छ । जुन शिक्षक विद्यार्थी अनुपात १:३२४ अर्थात १ जना शिक्षकले ३२४ जना विद्यार्थीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था छ । शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षक कम भएका विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३७.३ **स्थानीय पाठ्यपुस्तक खरिद-** अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को ३.१ मा विद्यालयको एकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । नेपाल सरकारले तोके वमोजिमको पाठ्यपुस्तक वापतको रकम सामुदायिक विद्यालयहरुमा निकासा दिईसकेको अवस्थामा निर्देशिकाले व्यवस्था नगरेको स्थानियस्तरको पाठ्यपुस्तक खरीदको लागि रु.१४,९५,६००।- विद्यालयहरुलाई निकासा दिएको

छ । यसरी शशर्त वजेटबाट खर्च लेख्न नपाउने र पालिकाको आन्तरीक वजेटबाट खर्च लेख्ने रकमको भुक्तानी दिएको पाईएकोले उक्त रकम संघीय संचित कोष खातामा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,९५,६०० |

३७.४ **भौतिक निर्माण अनुदान-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २.८.८ क्रियाकलाप नं. ११.१.२.४४५ मा केन्द्रबाट छनौंट भएका नमूना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार सञ्चालित विद्यालयहरुको नमूना विद्यालय सुधार गुरुयोजना अनुसार भौतिक निर्माण अनुदान पालिका र कालिका मानव ज्ञान मा.वि.सँग भएको सम्झौता रु.५०,००,०००।- उपलब्ध गराएको छ । उक्त सम्झौता बमोजिम लगत इस्टिमेट अनुरुप कार्य प्रगति भए नभएको पालिकाले अनुगमन नगरेकाले अनुगमन गरी प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

३७.५ **दिवा खाजा-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमानै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ तर दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने व्यवस्था छ । यस पालिकाले ३४ विद्यालयहरुलाई रु. २,५९,७९,०००।- उपलब्ध गराएकोमा केवल ९ विद्यालयहरुले मा रु.४५,७२,०००।- बराबरको खाजा व्यवस्थापन गरी बाँकी २५ विद्यालयहरुले माथि उल्लेखित व्यवस्था बमोजिम दिवा खाजाको व्यवस्थापन नगरी विद्यार्थीहरुलाई कार्यक्रम कार्यन्वयन पुस्तिका विपरित नगदै उपलब्ध गराएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | २,२४,०६,००० |

३८ **सामाजिक सुरक्षा तर्फः**

३८.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या एकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वापत यस

वर्ष कूल रु.४१,२३,६८,५९०।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको ३ वटा वडाहरु वडा नं ७, ११ र १२ को परीक्षण गरिएको छ ।

सैद्धान्तिक बेरुजु

३८.२ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम एकिन हुन सकेन । वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।साथै वैंक तथा वित्तिय संस्थाले पालिकाबाट प्राप्त भएको रकम वितरण पछि बाँकी रकम सोही त्रैमासिकको अन्त्यमा फिर्ता दाखिला गर्नुपर्दछ । फिर्ता रकम एकिनको लागि बैंकमा रहेको पालिकाको GL Account/Parking Account को Statement उपलब्ध गराउनु पर्नेमा कुनै पनि बैंकबाट सो Account को Statement प्राप्त हुन नसकेकोले फिर्ता रकम एकिन हुन सकेन ।

सोधभर्ना नलिएको

३८.३ **नागरिकता नम्बर दोहोरो उल्लेख भएको-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु ७,११ र १२ को परीक्षण गर्दा तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वापत रु.३५,९५,४१२।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो उल्लेख भएको हो पालिकाबाट एकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष: २०७९/८०**

**कार्यालय र स्थान : बुटवल उप महानगरपालिका, रुपन्देही ,**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वीरेन्द्र देव भारती | २०७८-८-१० | २०७९-४-११ |
| कार्यालय प्रमुख | मित्रमणि खनाल | २०८०-८-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | टेकराज पन्थी | २०७९-४-१५ | २०८०-६-४ |
| लेखा प्रमुख | लेखनाथ पोखरेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४१,३७९,६८३ | ९८,८७९,३४३ | ३०,६८४,१५० | ० | ० | ९,६९७,८१४ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | १८०,६४०,९९० |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | ५२४,७१० |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | १८०,११६,२८० |

**स्थानीय तह : बुटवल उप महानगरपालिका, रुपन्देही ,**

| | | | |
|---|---|---|---|
| | **गत बर्षको जिम्मेवारी** | ४५२९०२७७३ | |
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | ८२७४५२६१३ | चालु खर्च | ९५०४८७४१८ |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट अनुदान | ६३३१४५३० | पूंजीगत खर्च | ७६१७९९१९६ |
| राजश्व बाँडफाँट | २७०३९९१५९ | वित्तीय/अन्य व्यवस्था | ५३३७७०२७८ |
| आन्तरिक आय | ५०३०५८४४० | | |
| अन्य आय | ५५२७५४१०७ | | |
| कुल आय | २२१६९७८८४९ | कुल खर्च | २२४६०५६८९२ |
| **बाँकी मौज्दात** | | ४२३८२४७३० | |

## बेरूजु दफा ३८.३ सँग सम्बन्धित विवरण

**अनुसूची -४**

| भत्ताको किसिम | वार्ड नं. | परिचय पत्र नं. | नामथर | लिङ्ग | जन्म मिति | ना.प्र.नं. | बैंक खाता नं. | रकम |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक-दलित | ७ | २०१५०७१७००४१९ | Madhu Kumari B.K. | महिला | १७-०७-२०१५ | १२४४ | 1250050091705 | ३१९२० |
| जेष्ठ नागरिक - एकल महिला | ७ | २०१६०८१००००२२ | Padama Devi Gauchan | महिला | १०-०८-२०१६ | १२४४ | 1250050067391 | ३१९२० |
| जेष्ठ नागरिक-दलित | ७ | २०१६०२२७००२८४ | Putali Damini | महिला | ०७-०२-२०१६ | २३८ | 1250050092082 | ३१९२० |
| जेष्ठ नागरिक - एकल महिला | ७ | २०१११०१५०००८५ | Chandra Kumari Ghimire | महिला | १५-१०-२०११ | २३८ | 1250050065192 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ७ | २००४०४२००००२६ | Sumitra Pandey | महिला | २०-०४-२००४ | ५२२८ | 1250050064338 | ४८००० |
| विधवा | ७ | २०२००६२३०००९६ | Parawoti Ghemire | महिला | २३-०६-२०२० | ५२२८ | 1250050138398 | ३१९२० |
| जेष्ठ नागरिक - एकल महिला | ७ | २०१११२१३०००७८ | Parbati Pun Magar | महिला | १३-१२-२०११ | ६६८६ | 1250050062456 | ३१९२० |
| विधवा | ७ | २०३७०३०५०२२७२ | Bidhya Neupane | महिला | ०५-०३-२०३७ | ६६८६ | 1250050196496 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ७ | २००८०८०६०११४३ | Sita Devi Pun | महिला | ०६-०८-२००८ | ७२६३६ | 1250050204608 | ४८००० |
| जेष्ठ नागरिक - एकल महिला | ७ | २०१६१११३०००३८ | Panchamaya Sarki | महिला | १३-११-२०१६ | ७२६३६ | 1250050075210 | ३१९२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक-अन्य | ७ | १९९६१२३००१८९१ | Ujir Sing Gauchan | पुरुष | ३०-१२-१९९६ | ७५६०५ | 1250050067788 | ४८००० |
| जेष्ठ नागरिक -एकल महिला | ७ | २०१२०३१५००२११ | Narayani Aryal | महिला | १५-०३-२०१२ | ७५६०५ | 1250050068408 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४०८०८०१४५९ | Bhim Bahadur Rana | पुरुष | ०८-०८-२००४ | १०१ | Q207010001512 | ४८००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१८०८१३०१४९१ | Sumitra Kumari gahatraj | महिला | १३-०८-२०१८ | १०१ | Q207010041432 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २०१००८०७०००६२ | Kalawati Gharti | महिला | ७-८-२०१० | ११००८ | N507010001289 | ४८००० |
| जेष्ठ नागरिक -एकल महिला | ११ | २०१५०८०२००५२६ | Kausila Somai | महिला | ०२-०८-२०१५ | ११००८ | Q207010001221 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००९०३१५०५००२ | Sugu Pun | महिला | १५-०३-२००९ | ११३७२ | Q207010002195 | ४८००० |
| विधवा | ११ | २०२८१२०४०११६३ | Seti Khatri | महिला | ०४-१२-२०२८ | ११३७२ | Q207010033372 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००८०९०६०१०७२ | Prem Bahadur Chaudhary | पुरुष | ०६-०९-२००८ | ११६४ | Q207010041450 | ४८००० |
| जेष्ठ नागरिक -एकल महिला | ११ | २०१७०२१५०५५६७ | Humkala Paudel | महिला | १५-०२-२०१७ | ११६४ | 04707010105934 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००९०९१००६२५३ | Ambika Upadhyaya | महिला | १०-०९-२००९ | १२५१ | 24507010052094 | ३२००० |
| जेष्ठ नागरिक-अन्य | ११ | १९८६०५१४०००२५ | Radhika Gyawali | महिला | १४-५-१९८६ | १२५१ | N507010000984 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००९०४१४००८५३ | Bhabishwar Giri | पुरुष | १४-०४-२००९ | १२७८ | 24507010052775 | ३२००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००००२२५०१०३३ | Dil Maya Gurung | महिला | २५-०२-२००० | १२७८ | N507010000476 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००६०५१५०८०९६ | Ganesh Jung Shah | पुरुष | १५-०५-२००६ | १३८ | Q207010001899 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४०६३०००७९८ | Luxmipati Bhusal | पुरुष | ३०-०६-२००४ | १३८ | N507010000385 | ४८००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१३०१०३०२६८६ | Man Bahadur Bishwokarma | पुरुष | ३-१-२०१३ | १३८ | Q207010002035 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | १९९८०४०७०००३५ | Yemkali Rana | महिला | ०७-०४-१९९८ | १३९० | N507010001165 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००५०३१८०२७१३ | Yog Maya Acharya | महिला | १८-०३-२००९ | १३९० | 24507010049054 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००९०५१००६१३७ | Ishwari Prasad Gyawali | पुरुष | १०-०५-२००९ | १५३ | 24507010051518 | ३२००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१४१००७०१२९३ | Lalmati Damai | महिला | ०७-१०-२०१४ | १५३ | Q207010002853 | ३१९२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक-अन्य | ११ | २००९१२१५०३५४३ | Bhimkala Bhusal | महिला | १५-१२-२००९ | १५८७ | 4707010009385 | ४८००० |
| जेष्ठ नागरिक -एकल महिला | ११ | २०१७०५१३०००४६ | Kesari Devi Ale | महिला | १३-०५-२०१७ | १५८७ | N507010000848 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००२०४२४०००३३ | Khagisara Thapa | महिला | २४-४-२००२ | १६३२ | N507010000880 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००३०११५००२१४ | Nirmala Thapa Magar | महिला | १५-०१-२००३ | १६३२ | N507010005169 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००५१२०३०००४८ | Basanta Kumari Bohara | महिला | ०३-१२-२००५ | १६५१ | N507010001262 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २०१००३२००४४२३ | Dev Sharma | पुरुष | २०-०३-२०१० | १६५१ | 24507010051493 | ३२००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००१०४१८०००८३ | Taranath Dhakal | पुरुष | १८-०४-२००१ | १७२८ | N507010000856 | ४८००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१८१२२९०२१०९ | Krishna Bahadur Budhaprithi | पुरुष | २९-१२-२०१८ | १७२८ | 24507010050810 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००१११५००३२४ | Meg Bahadur Sarki | पुरुष | २५-११-२००१ | २०६१ | N507010001395 | ४८००० |
| विधवा | ११ | २०२२०६२१०००४७ | Yemkala Khadka Chhetri | महिला | २१-६-२०२२ | २०६१ | N507010001422 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००८१२१७०१८७५ | Prem Gauchan | पुरुष | १७-१२-२००८ | २१२४ | Q207010045669 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४०८१००३३७८ | Premsara Rana Magar | महिला | १०-०८-२००४ | २१२४ | N507010000388 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००७१०१५०४१०१ | Bishnu Bahadur Hamal | पुरुष | १५-१०-२००७ | २२३ | Q207010001750 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००८०४२९००७६२ | Prem Bahadur Khatri | पुरुष | २९-०४-२००८ | २२३ | Q207010003273 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००११२३२२७७३४ | Sir Bahadur Pun | पुरुष | ३०-१२-२००१ | २५९ | Q207010042352 | ४८००० |
| विधवा | ११ | २०१९१११८००३८७ | Saraswati Bishwakarma | महिला | १८-११-२०१९ | २५९ | N507010005245 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००१०२१०००२१७ | Padam Bahadur Khamcha | पुरुष | १०-०२-२००१ | २८९ | N507010000761 | ४८००० |
| विधवा | ११ | २०२००७१००००४२ | Sauimaya Pun | महिला | १०-०७-२०२० | २८९ | N507010000946 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४१०१७०००६२ | Krishna Kumari Gautam | महिला | १७-१०-२००४ | ३०२३ | N507010001224 | ४८००० |
| विधवा | ११ | २०२११२३०००४१२ | Kamala Devi Raymajhi | महिला | ३०-१२-२०२१ | ३०२३ | N507010000846 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २०००१११३०००५७ | Ramdevi Shrestha | महिला | १३-११-२००० | ३०४ | N507010006177 | ४८००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विधवा | ११ | २०२००३०७०००३९ | Kimi Kumari Kandel | महिला | ७-३-२०२० | ३०४ | N507010001487 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००६०२०५०३६५७ | Khadeshwar Bhandari | पुरुष | ०५-०२-२००६ | ३४७७ | J307010009626 | ४८००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१८०४०५०३३२८ | Man Kumari Nepali | महिला | ०५-०४-२०१८ | ३४७७ | Q207010003176 | ३१९२० |
| लोपोन्मुख जाती | ११ | २०४०१२३००००६३ | Krishna Pattharkat | पुरुष | ३०-१२-२०४० | ३७०२७१०८५०६ | N507010000759 | ४७८८० |
| लोपोन्मुख जाती | ११ | २०३४०९०६०००५४ | Maujilal Patharkatt | पुरुष | ०६-०९-२०३४ | ३७०२७१०८५०६ | N507010000864 | ४७८८० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००१०७०५००११७ | Bhim Kumari Neupane | महिला | ०५-०७-२००१ | ३७८७ | N507010001111 | ४८००० |
| विधवा | ११ | २०३८०९२६००५४१ | Jit Kumari Khatri | महिला | २६-०९-२०३८ | ३७८७ | Q207010002095 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००३०४१८००७६६ | Purna Bahadur Adhikari | पुरुष | १८-०४-२००३ | ४०९१ | N507010000503 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४१२१२०२४९३ | Rambha Adhikari | महिला | १२-१२-२००४ | ४०९१ | Q207010001301 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००६०७२७०१४६४ | Nar Bahadur Thapa Magar | पुरुष | २७-०७-२००६ | ४५० | 24507010051068 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००६१२२६००२३७ | Umakanta Gyawali | महिला | २६-१२-२००६ | ४५० | Q207010003180 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००५१२३२२४६०९ | Indra Bahadur Thapa | पुरुष | ३०-१२-२००५ | ५२२ | Q207010001313 | ४८००० |
| विधवा | ११ | २०२११२१५०००४९ | Shova Kanti Subedi | महिला | १५-१२-२०२१ | ५२२ | N507010001373 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००७०१०४०३३९५ | DHAN BAHADUR RASKOTI | पुरुष | ०४-०१-२००७ | ६३८० | Q207010001879 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २०१००३१८०३५२८ | Thaman Kumari Rokha | महिला | १८-०३-२०१० | ६३८० | 24507010051448 | ३२००० |
| जेष्ठ नागरिक-दलित | ११ | २०१४१२३०७१५७२ | Lagan Prasad Damai | पुरुष | ३०-१२-२०१४ | ७४६२ | Q207010001303 | ३१९२० |
| जेष्ठ नागरिक - एकल महिला | ११ | २०१८१००५०२४९१ | Purna Kali Khatri | महिला | ०५-१०-२०१८ | ७४६२ | Q207010000942 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | ११ | १९९६०४१५००१२३ | Durga Kumari Tiwari | महिला | १५-०४-१९९६ | ७५७ | N507010001382 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००७०८१५०२३७२ | Kaushalya Ghimire | महिला | १५-८-२००७ | ७५७ | N507010004554 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | १९९२१२३००११८९ | Gangadhar Regmi | पुरुष | ३०-१२-१९९२ | ८५७४ | N507010001162 | १४४५२ |
| जेष्ठ नागरिक - एकल महिला | ११ | २०१८१०११००३५२ | Dhan Kumari Bista | महिला | ११-१०-२०१८ | ८५७४ | Q207010002064 | ३१९२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक-अन्य | ११ | २०११०४२००३२६४ | Nita Khatri | पुरुष | २०-०४-२०११ | ८६३८ | 24507010050971 | ३२००० |
| जेष्ठ नागरिक-अन्य | ११ | १९८६०८१००००३५ | Pabitra Khamcha | महिला | १०-०८-१९८६ | ८६३८ | N507010001355 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००५१२०८०१०११ | Min Kumari Shrestha | महिला | ८-१२-२००५ | ९०७ | Q207010001446 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २०१००४१०१०६९२ | thag Kumari Gyawali | पुरुष | १०-०४-२०१० | ९०७ | 24507010052562 | १६००० |
| जेष्ठ नागरिक-अन्य | ११ | २००४०६१००५०५४ | Durpati Khatri | महिला | १०-०६-२००४ | ९९ | 24507010050157 | ४८००० |
| जेष्ठ नागरिक - एकल महिला | ११ | २०१८०५१२००७९८ | Suntali Thapa | महिला | १२-५-२०१८ | ९९ | Q207010001425 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | १२ | २००७०३२८०००१६ | Man Kumari Shaha | महिला | २८-०३-२००७ | १२१९ | 1260050044575 | ४८००० |
| जेष्ठ नागरिक - एकल महिला | १२ | २०१२०६१५०२८२२ | Tika Debi Pokharel | महिला | १५-०६-२०१२ | १२१९ | 1260050074102 | ३१९२० |
| विधवा | १२ | २०२५०५०७०१५७७ | Guma Kumari | महिला | ०७-०५-२०२५ | १२१९ | 1260050039365 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | १२ | १९९८०४०३०००७५ | Dil Kumari Khatri | महिला | ०३-०४-१९९८ | २०४ | 1260050018961 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | १२ | १९९२०५१९००१७४ | Hiri Giri | महिला | १९-०५-१९९२ | २०४ | 1260050074350 | ४८००० |
| जेष्ठ नागरिक-अन्य | १२ | २००६१२१२०२१६७ | Chandra Bahadur Pun Magar | पुरुष | १२-१२-२००६ | २७०९ | 1260050024921 | ४८००० |
| विधवा | १२ | २०३००१०६०००३४ | Bishnumaya Ghimire | महिला | ०६-०१-२०३० | २७०९ | 1260050016150 | ३१९२० |
| जेष्ठ नागरिक - एकल महिला | १२ | २०१५०६२००००५१ | Dil Kumari Bhusal | महिला | २४-०६-२०१५ | ७२३४ | 1260050013050 | ३१९२० |
| विधवा | १२ | २०२८०३०९०००५३ | Mayadevi Tiwari | महिला | ०९-०३-२०२८ | ७२३४ | 1260050019603 | ३१९२० |
| जेष्ठ नागरिक-अन्य | १२ | २००१०३१५००७०१ | Dalli Kumari Gaha | महिला | १५-०३-२००१ | ७४८ | 1260050026450 | ४८००० |
| विधवा | १२ | २०२१०९३००००१२ | Narbadadevi Susling | महिला | ३०-०९-२०२१ | ७४८ | 1260050023542 | ३१९२० |
| | | | | | | | जम्मा | ३५९५४१२ |